
## पूल बनेपछि बदलिएको अवस्था

बलान खोला पूल निर्माण भए पश्चात यस क्षेत्रका जनताहरुको सामाजिक, आर्थिक तथा धार्मिक क्षेत्रमा व्यापक सुधार भएको स्थानीय हरुको भनाई रहेको छ ।

उदयपुगढी वडा नं. ७ निवासी तिल बहादुर केप्छागो मगरको भनाई अनुसार पूल बन्नु भन्दा अगाडी विद्यालय जान केटाकेटी हरु खोला तरेर जानुपर्ने, ठुलो बाढीआए विद्यालय नै नजाने अवस्था रहेको, विरामी पर्दा एम्बुलेन्स खोला बाट आरपार नहुनाले एक देखी डेढ घण्टा सम्म लामो बाटो जानुपर्ने बाध्यता रहेकोमा हाल पूल बेपछि सो समस्याहरु समाधान भएको बताए ।




दुवै तिरका बजारहरु जान आउन सुगम भएकोले स्थानीय उत्पादन हरु कृषि उपज उत्पादनहरु बजारमा पुऱ्याउनेर बिक्री वितरण गरी फर्केर घर आउने समय कम लाग्ने भएकोले स्थानीयहरुको आर्थिक स्थितिमा पनि सुधार आएको स्थानीय निवासी लिला मगरले बताउनु भयो । उक्त पूलले मधेश प्रदेश र कोशी प्रदेश जोडिएकोले मधेश प्रदेशका जनताहरु लाई हलेसी र रौता पोखरी जस्ता धार्मिक स्थलहरु दर्शन गर्न जान आउन पनि सहज र सजिलो भएको उहाँले बताउनु भयो ।



प्रदेश सरकार, भौतिक पूर्वाधार विकस मन्त्रालय, पूर्वाधार विकास कार्यालय, उदयपुर बाट यस  बलान खोला पूल, उदयपुरगढी गाँउपालिका वडा नं. ७ मा बि.सं. २०८० मा निर्माण सम्पन्न भएपछि दक्षिणमा महेन्द्र राजमार्ग , पुर्वमा सगरमाथा राजमार्ग र उत्तरमा मदनभण्डारी राजमार्ग सँग बाटो जोडिएकोले दक्षिणको बजार मधेश प्रदेशमा अवस्थित सिरहाको लहान बजार स्वस्थ्य, शिक्षा र दैनिक उपभोग्य बस्तुहरुको प्रमुख केन्द्रमा खरिद तथा विक्री गर्नको लागी छिटो र सुगम भएको त्यस्तै उत्तरमा कोशि प्रदेशको उदयपुर जिल्लामा रहेको नेपालटार बजार सँग जोडिएको ताप्ली गाँउपालिका, सुनकोशी गाँउपालिका, रौतामाई गाँउपालिका जस्ता जिल्लाकै विकट पहाडी क्षेत्रका जनताहरु लाई छोटो तथा छिटो बाटो बाट महेन्द्र राजमार्ग सँग जोडिएकोले स्वास्थ्य, शिक्षाको र आवत जावतका लागी सजिलो सँग पहुँच भएकोले गर्दा यहाँका स्थानीयहरु सामाजिक क्षेत्रमा धेरैनै परिवर्तन भएको समेत बताए ।

*विवेकानन्द झा*
*प्रादेशिक सडक पूल सहयोग ईकाई*
*कोशी प्रदेश*
*(असोज २०८०)*